【तोकुसोकुज्योउ (रिमाइन्डर पत्र)】


गत महिनामा भुक्तानी हुनु पर्ने तपाईंको नेशनल हेल्थ इन्स्योरेन्सको रकम अझै भुक्तानी भएको छैन।

यो तोकुसोकुज्योउ मार्फत निर्दिष्ट म्याद सम्ममा बैंक या कम्बिनियन्स स्टोर आदि मा गएर भुक्तान गर्नु होला।

एकैपटकमा सबै रकम भुक्तान गर्न गाह्रो भएमा कोकुमिन केन्कोउ होकेन खा (फुनाबासी नगरपालिका भवन १ तल्ला) मा आएर परामर्श गर्नु होला।

भिडियो फोन बाट पनि अनुबादक मार्फत भुक्तानीको बारेमा परामर्श गर्न सकिने भएकोले, जापानी भाषा नआएपनि केहि फरक पर्दैन।

## तोकुसोकुज्योउ हेर्ने तरिका




【ध्यान दिनु पर्ने कुरा】

- यसरी नै नेशनल हेल्थ इन्स्योरेन्सको रकम नतिरीकन बेवास्ता गरेर त्यतिकै छोडिदिनु भयो भने, ढिलाइ शुल्क जोडिनेछ।
- तपाईंले पहिलेनै किस्ताबन्दिमा तिर्ने गरी परामर्श गरी बाचा गरेको भएपनि, जापानको कानून अनुसार साविकको भुक्तानी म्याद भित्र भुक्तान नगरिएको नेशनल हेल्थ इन्स्योरेन्स रकमको सम्बन्धमा, तोकुसोकुज्योउ पत्राचार गर्नु पर्ने हुन्छ।
- अघिल्लो पटकको परामर्शको बेला बनाउनु भएको भुक्तानी योजना अनुसार भुक्तान गर्नु भए कुनै समस्या हुने छैन।